# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ३) घ्याङलेख, चैत्र १० गते, २०७६ साल (अतिरिक्ताङ्क २१

## भाग २

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७६ साल कार्यविधी नं. १३**

## टोल विकास संस्था गठन तथा संचालन कार्यविधी २०७६

**१. भूमिका :** सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रवर्द्धन गर्न गाउँपालिकाको गाउँ बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न घ्याङलेख गाउँपालिकाको कार्यपालिकाको मिति२०७६।१२।१० मा बसेको वैठकले स्वीकृत गरी यो कार्यविधि कार्यान्वयनमा ल्याएको छ ।

**२. उद्देश्य**

**टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन् :**

१. टोल, बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलबासीको पहुँच अभिवृद्धि गर्ने,

२. टोलबासीहरुमा उद्यमशीलताको विकास गराई टोलस्तरमा लघु उद्यमको सृजना, विकास र प्रवर्द्धन गर्ने,

३. टोल बस्तीस्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

४. आर्थिक, सामाजिक सवालमा सबै टोलबासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,

५. टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिने,

६. बस्ती टोलस्तरमा सबै संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने,

७. टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाइको रुपमा विकास गरी सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवं मूल्यांकन प्रक्रियामा सहभागी गराउने,

८. टोलका सदस्यहरुमा गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनिहरुको अभिलेख तयार गर्नें,

९. टोलको समग्र विकासका लागि कार्यक्रमहरु तय गर्ने,

१०. वातावरणमैत्री तथा बालमैत्री गाउँ घोषणा गर्न आवश्यक सहयोग गर्ने ।

**३. गठन :** टोल विकास संस्थाका गठन देहाय बमोजिम हुनेछ :

१. घ्याङलेख गाउँपालिका क्षेत्रको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

२. पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास संस्थाको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पुर्नगठन हुनेछ । टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुन: सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा अध्यक्ष सचिव वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

३. टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नुपर्दछ । सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास

संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तीमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ ।

४. टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न अनुसूचि-१ मा उल्लेखित नमूना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नु पर्नेछ ।

५. समन्वय र मेलमिलाप कायम गराउँदै सामाजिक ऐक्यवद्धता कायम गर्ने ।

**४. दर्ता/सूचिकृत :** टोल विकास संस्थाको दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछः

१. टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित गाउँपालिकाले दर्ता/सूचिकृत गर्नेछ । टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता/सूचिकृत गर्दा पेश गर्ने निवेदनको नमुना अनुसूचि-२ मा उल्लेख गरिएको छ। टोल विकास संस्थाबाट निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा घ्याङलेख गाउँपालिका ले अनुसूचि-३ बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ ।

२. टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा गाउँपालिका ले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

**५. टोल विकास संस्थाको काम :** टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछ :

१. टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,

२. विभिन्न सरकारी एंव गैर सरकारी निकायहरुसंग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

३. टोलमा उद्यम विकाससंग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने,

४. टोलमा सडक ढल लगायतका पूर्वाधारमा गाउँपालिकाको सहमतिमा संस्थाको निर्णयानुसार सेवा शुल्क लिने,

५. टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम् सदुपयोग गर्ने,

६. टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने,

७. एच.आइ.भी./एड्स, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

८. टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधिक गर्न सूचना अभिलेख राख्ने,

९. सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने,

१०. टोलमा विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुबाट प्राप्त योजनाहरुको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

११. टोलमा विभिन्न सरकारी तथा गैरसरकारी संस्था मार्फत प्राप्त हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,

१२. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

घ्याङलेख गाउँपालिका

१३. टोलमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

१४. टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा गाउँपालिका लाई सहयोग गर्ने ।

१५. गाउँपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

१६. संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने ।

१७. गाउँपालिका संग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

**६. टोल विकास संस्थाको कार्य समितिको बैठक :** टोल विकास संस्थाको कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

१. टोल विकास संस्थाका सदस्यहरुको हित, सहयोग एंव समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

२. समितिको बैठकमा सामाजिक परिचालक, गाउँपालिका को प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

३. सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

**७. टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार**

टोल विकास संस्थाका कार्य समितिको पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

१) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) निर्णयहरु लागू गर्ने र गर्न लगाउने ।

६) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने ।

८) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

९) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

२) एकतिहाइ सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।

३) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

४) संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।

५) तोकिएको अन्य कार्य गर्ने ।

**(ग) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको आम्दानी र खर्चको विवरण तयार गर्ने ।

२) खर्चको लेखापरीक्षण गराउने ।

३) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१) गाउँ विकास समिति संग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।

२) संस्थाको हिसाब-किताब जाँच गर्ने ।

३) संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्यांकन नियमित रुपमा गर्ने ।

४) आवश्यकता अनुसार संस्था संचालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।

५) आवश्यकता अनुसार अध्यक्ष, सचिव, कोषाध्यक्षहरुलाई सघाउने ।

६) तोकिएका अन्य कार्यहरु गर्ने ।

८. **आर्थिक व्यवस्थापन :** संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखापरीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

**क) टोल विकास संस्थाको आम्दानी :**

१) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

२) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

३) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रुपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुट्याउने रकम ।

४) संस्थाले अन्य सोतबाट जम्मा गरेको रकम ।

**ख) खर्च :**

१) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।

२) संस्था संचालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति बमोजिम खर्च हुनेछ ।

**ग) नाफा :**

१) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

२) नाफा संस्थाको निर्णय अनुसार टोलको विकासका लागि खर्च गरिनेछ ।

**घ) लेखा :** संस्थाको लेखा देहाय बमोजिम हुनेछ :

अ) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।

आ) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

**ङ) लेखापरीक्षण :** संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछ :

१) संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

२) आवश्यकता अनुसार गाउँपालिका ले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्ने गर्नेछ ।

३) संस्थाले आफ्नो वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ ।

**९. विविध :**

क) यो कार्यविधि प्रचलित नेपालको ऐन, नियमहरुसँग बाझिएमा बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन् ।

घ्याङलेख गाउँपालिका

ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको गाउँपरिषद्को निर्णयानुसार फुकाइनेछ ।

## अनुसूची-१

## ...............टोल विकास संस्था

## घ्याङलेख गाउँपालिका वडा नं. ..सिन्धुलीको

## विधान, २०७६

**प्रस्तावना:** हाम्रो बस्ती/टोलमा समयको अन्तराल संगै जनघनत्व बढ्दै गई फोहरमैला र अव्यवस्थित वातावरण समेत बढ्दै गएको परिदृश्यमा स्थानीय रुपमा उपलब्ध श्रम, सीप र स्रोत साधन एवम अवसरहरुको अधिकतम परिचालन गरी बस्तीमा आर्थिक, सामाजिक, भौतिक सुधार गर्न आवश्यक ठानी बिकास निर्माण एंव् समाज सुधार कार्यका लागि हामी यस क्षेत्रका बासिन्दाले घ्याङलेख गाउँपालिकाको पहलमा संगठित भइ ........ टोल बिकास संस्था स्थापना गरी संचालन गर्न बान्छनीय भएकाले यो बिधान तयार गरिएको छ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भ** :

**क)** यो विद्यान.................टोल विकास संस्थाको विधान हुनेछ ।

ख) **यस संस्थाको नाम:-** “........टोल बिकास संस्था”, सिन्धुली हुनेछ ।

**ग) प्रारम्भ**:-यो विधान टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भई दर्ता भएको मिति देखि लागू हुनेछ ।

**घ) संस्थाको अस्तित्व** :- यो संस्था एक अविछिन्न उत्तराधिकार वाला संगठित स्वशासित गैर नाफा मूलक, गैर राजनीतिक गैर सरकारी संस्था हुनेछ ।

संस्थाबाट आफ्नो उद्धेश्य बाहेक अन्य आर्जन गर्नका लागि कुनै प्रकारको शुल्क लिई वा नलिई परार्मश प्रदान गर्ने कार्य गरिने छैन ।

**ङ) प्रतिबद्धताः** संस्थाको कुनै क्रियाकलापले राज्यको प्रचलित नीति, नियम वा कानूनको वर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने प्रतिबद्धता प्रकट गर्दछौ । यो संस्था घ्याङलेख गाउँपालिकामा आबद्ध रही गाउँपालिका तथा टोलबासी प्रति उत्तरदायी हुनेछ ।

**च)** यस संस्थाको कार्यालय.................मा रहनेछ ।

**छ)** यस संस्थाको कार्यक्षेत्र :: **पूर्वमा** ..................**पश्चिममा** ........

**उत्तरमा** ........... **...दक्षिणमा** ............

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विद्यान,

क) “संस्था” भन्नाले: .... टोल विकास संस्थालाई सम्झनुपर्छ ।

ख) “विधान भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

ग) “उद्धेश्य” भन्नाले : “...... टोल बिकास संस्था, सिन्धुलीको विधान २०७४”को उद्धेश्यहरुलाई बुझ्नुपर्छ ।

घ) “अध्यक्ष” भन्नाले: यस संस्थाको विधानको परिधि भित्र रही निर्वाचित टोल बिकास संस्थाको प्रमुखलाइ बुझ्नुपर्छ

ङ) “साधारण सभा” भन्नाले : यस संस्थाको साधारण सदस्यहरुको सभा भन्ने बुझ्नुपर्छ ।

च) “कोष” भन्नाले सामाजिक हितका कार्यहरु गर्न संस्थाका सदस्यहरुबाट संकलित रकम र अन्य निकायहरुबाट प्राप्त अनुदान समेतको यस संस्थाको कोष लाइ जनाउँछ ।

घ्याङलेख गाउँपालिका

छ) "पदाधिकारी" भन्नाले टोल विकास संस्था वा कार्यगत समूहका अध्यक्ष, उपाध्यक्ष, सचिव, सह-सचिव, कोषाध्यक्ष लगायत सदस्यहरुलाई सम्झनु पर्दछ ।

ज) "बचत कोष" भन्नाले टोल विकास संस्थाका सदस्यहरुले पछि फिर्ता हुने गरी जम्मा गरेको रकम रहने कोष सम्झनु पर्दछ ।

झ) "कार्यगत समूह" भन्नाले टोलविकास संस्थाको साधारण सभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्था भित्र विभिन्न कार्य गर्नको लागि गठित समूहलाई सम्झनु पर्दछ ।

ञ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ट) "नियमावली" भन्नाले स्थानीय सरकार संचालन ऐन अन्तर्गत रही बन्ने नियमावली सम्झनु पर्दछ ।

ठ) "गाउँ सभा" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ वमोजिमको सभालाई सम्झनु पर्दछ ।

ड) "गाउँपालिका" भन्नाले घ्याङलेख गाउँपालिका लाई सम्झनु पर्दछ ।

ढ) "प्रमुख" भन्नाले गाउँपालिका को वहालवाला अध्यक्ष सम्झनु पर्दछ ।

ण) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको सचिव भई काम गर्न नियुक्त कर्मचारी सम्झनु पर्दछ ।

**३) संगठित संस्था हुने :**

क) यस संस्थाको आफ्नो एउटा छुट्टै छाप हुनेछ । छापको नमूना गोलो आकार भित्र माथिको घेरामा संस्थाको नाम, तल्लो घेरामा संस्थाको ठेगाना र बीचमा महिलाको हातले कुचो र पुरुषको हातले गैंची समातेको एक अर्को संग क्रस गरिएको अंकित चिन्ह हुनेछ । संस्थाले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

ख) संस्थाले चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पति विक्री गर्न भने पाउने छैन। कुनै कारणबस संस्था

विघठन भएमा सो संस्थाको सम्पूर्ण चल अचल सम्पति गाउँपालिका को हुनेछ ।

## परिच्छेद २

४) **लक्ष्य :** टोल बिकास संस्थाले सिमाङ्कन गरिएको क्षेत्र भित्रका टोलबासीहरु बीच समन्वय कायम गरी टोलको आर्थिक, सामाजिक, साँकृतिक, भौतिक बिकास गरी सम्पूर्ण टोलबासी लाइ ऐक्यबद्ध गरी संगठित संस्थाको रुपमा बिकास गर्ने ।

५) **संस्थाको उद्देश्य :** यस संस्थाको उद्देश्य देहाय वमोजिम हुनेछ :-

क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

ख) टोलका व्यक्तिहरुको आयमा वृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्युनिकरणमा मद्दत पुऱ्याउने।

ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरमा समुदायको परिचालन एवं उनीहरुको क्षमता बिकास गर्ने कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

घ) स्थानीय स्तरबाट सिकेको अनुभवबाट टोल-गाउँ सम्बन्ध बिस्तार तथा शहरी समाज परिचालनको एउटा नमूना कार्यक्रम विकसित गरी अन्य बस्तीमा बिस्तार गर्न सहयोग गर्ने ।

ङ) स्वशासित संस्थालाई प्रभावकारी बनाउने ।

च) संस्थालाइ गाउँपालिका को सब भन्दा तल्लो एकाइको रुपमा स्थापित गराई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

छ) स्थानीय स्तरमा संचालित कार्यक्रममा जनसहभागिता बढाउन अभिप्रेरित गर्ने ।

ज) टोलको फोहरमैला न्यूनीकरण गर्दै अव्यवस्थित वाताबरणलाई व्यवस्थित गर्न पहल गर्ने ।

झ) बचत परिचालनको माध्यमबाट टोलबासीको आर्थिक अवस्थालाई सुदृढ बनाउदै लैजान मद्धत गर्ने ।

**परिच्छेद ३**

**६) सदस्यता :**

(क) घ्याङलेख गाउँपालिका को टोल बिकास संस्था निर्देशिकाको प्रतिकुल नहुने गरी संस्थाको उद्देश्य वमोजिम संस्था प्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने संस्थाको तोकिएको भौगोलिक सिमाना भित्रको एक घर एक सदस्यको आधारमा सवै घरधुरी यस टोल विकास संस्थाका  सदस्य हुनेछन् ।

(ख) बुँदा क अनुसार सदस्य बन्न ईच्छुक नयाँ टोलबासीलाई संस्थाले तोके वमोजिम संस्थामा दरखास्त दिएमा संस्थाको वैठकको निर्णयबाट सदस्यता प्रदान गर्नु पर्नेछ ।

(ग) एक घरबाट एक जना भन्दा वढी सदस्य हुन पाईने छैन र एउटा संस्थामा सदस्य भएको व्यक्ति अर्को संस्थाको सदस्य हुन पाईने छैन ।

(घ) संस्थाले साधारण सदस्य र बचत सदस्य गरी सदस्यलाई दुई भागमा विभाजन गरी सदस्यता वितरण गर्ने व्यवस्था मिलाउन सक्नेछ । बचत रकमको बिषयमा निर्णय गर्नका लागि बचत सदस्य बाहेकलाई अधिकार रहने छैन । यसरी सदस्यता वितरण गरे पछि संस्थाले सदस्यहरुको विवरण खुल्ने गरी सदस्यता अध्यावधिक गर्नु पर्नेछ ।

ङ) सदस्यता प्राप्तिका लागि निज ब्यक्ति १६ बर्ष उमेर पुगेको नेपाली नागरिक, मगज नबिग्रेको, नैतिक पतन नदेखिने, फौजदारी अभियोगमा सजाय नपाएको र सम्बन्धित टोलमा बसोबास भएको हुनु पर्नेछ ।

घ्याङलेख गाउँपालिका

च) पहिलो पटकको लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष छनौट गरिने छ ।

**७) सदस्यता नरहने अवस्था :**

(क) सदस्यको मृत्यु भएमा र निजको घरधुरीमा अरु कोही पनि अधिकारवाला नभएमा ।

(ख) सदस्यले संस्थाको सिमाना भित्रबाट स्थायी रुपमा वसाई सरी अन्यत्र गएमा ।

(ग) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृति गरेमा तर संस्थाको निर्णय उपर चित्त नवुझेमा साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

(घ) संस्थालाई हानी नोक्सानी हुने कुनै कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भै सजाय पाएको कारण देखाई संस्थाले सदस्यबाट हटाउने निर्णय गरेमा तर सम्वन्धीत सदस्यहरुलाई सफाई दिने अवसरबाट वञ्चित गर्न पाईने छैन । यस सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

**८) संस्था संचालनको लागि देहाय वमोजिमका पदाधिकारीहरु रहने गरी टोल विकास संस्थाको गठन हुनेछ ।**

(क) अध्यक्ष-

ख) उपाध्यक्ष-

(ग) सचिव-

घ) सहसचिब-

(ङ) कोषाध्यक्ष-

(च) २ महिला सहित ४ जना कार्यकारीणी सदस्य

(छ) बाँकी एक घर एक सदस्य- साधारण सदस्य

यसरी पदाधिकारीहरुको चयन गर्दा अध्यक्ष, सचिव र कोषाध्यक्षहरुमा दलित, जनजाति, आदिवासी तथा महिलाहरुलाई प्रोत्साहन गर्नु पर्नेछ ।

माथि जे सुकै लेखिएको भएता पनि टोलविकास संस्थाको कामकारवाहीलाई सक्रिय रुपमा सञ्चालन गर्नका लागि साधारण सभाले प्रमुख पाँच पदमा निर्वाचित पदाधिकारीहरु अनिवार्य रहने गरी ७ देखि ९ जना सम्मको सचिवालय समिति निर्माण गर्न सक्नेछ । यसरी वनेको सचिवालय समितिले कार्यसमितिको समेत काम गर्ने छ ।

छ) पहिलो पटकको लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यक्ता अनुसारका सदस्यहरु रहेको एक टोल विकास समिति गठन हुनेछ ।

ज) कार्य समितिमा कम्तीमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्ये कुनै एकजना अनिवार्य रुपमा महिला हुनेछ ।

झ) टोल विकास संस्था गठन गर्दा सके सम्म टोलका सम्पूर्ण घरधुरीलाई समेटिने छ । यदि सो सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास समिति गठन हुन सक्नेछ ।

**९) संस्थाका सदस्यहरुको पदावधिः**

(क) सवै सदस्यहरुको पदावधि २ वर्षको हुनेछ ।

(ख) प्रत्येक वर्ष टोल विकास संस्थाको साधारण सभा गर्नु पर्दछ र हरेक दुई बर्षमा नेतृत्वको निर्वाचन गर्नु पर्दछ जुन सर्वसम्मती वा बहुमतबाट गर्न सकिनेछ । टोल विकास संस्थाको नेतृत्व परिवर्तन गर्दा दलित, आदिवासी जनजाति तथा महिलाहरुलाई विशेष प्राथमिकता दिनु पर्दछ । तर संस्थाले पदाधिकारी

परिवर्तन गर्न उचित नठानेमा साविककै पदाधिकारी राख्न यो नियमले वाधा पुर्‍याएको मानिने छैन ।

**१०) संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।**

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

अध्यक्ष संस्थाका प्रमुख हुनेछन् । टोल विकास संस्थालाई कसरी व्यवस्थित रुपले परिचालन गर्ने भन्ने सम्वन्धमा संस्थाका अध्यक्षको काम कर्तव्य र अधिकार निम्न वमोजिम रहनेछ ।

(१) बैठकको अध्यक्षता गरी वैठक संचालन गर्ने ।

(२) संस्थाको बैठक बोलाउने र बैठकको लागि मिति, समय र स्थानको निर्णय गर्नका साथै सदस्यहरुको सहमति लिनु पर्ने ।

(३) वैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।

(४) छलफल हुदा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(५) वैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।

(६) सचिव र कोषाध्यक्षहरुलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।

(८) विकासको कार्यमा सवैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

(९) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षा प्रवन्ध मिलाउने ।

(१०) आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने ।

(११) अन्य सहयोगी निकायहरुसंग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको वन्दोवस्त गर्ने ।

(१२) विशेष वैठकको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा वैठक बोलाउने ।

(१३) विविध प्रकारका समन्वय वैठकमा भाग लिने ।

**(ख) उपाध्यक्षको काम कर्तव्य र अधिकार**

१) अध्यक्षलाई सहयोग गर्ने ।

२) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने काम गर्ने

**(ग) सचिवको काम, कर्तव्य र अधिकार**

(१) अध्यक्षको आदेशानुसार वैठक वोलाउने ।

(२) एक तिहाई सदस्यहरुले विशेष वैठकको लागि लिखित माग गरेमा विशेष वैठक बोलाउने।

(३) वैठक पुस्तिकामा उपस्थिति गराउने ।

(४) छलफलका प्रस्तावहरु संकलन गरी वैठकमा पेश गर्ने र वैठकको निर्णय लेखि पढेर सुनाउने, पुनः प्रत्येक सदस्यहरुलाई हस्ताक्षर गर्न लगाउने ।

(५) संस्थाको क्रियाकलापको वारेमा सदस्यहरुलाई जानकारी गराउने ।

(६) संस्था संचालनमा र अन्य सदस्यहरुलाई आवश्यक सहयोग गर्ने ।

(७) निर्णय लागु भए नभएको हेरी लागु गराउने ।

(८) लगानी असुली गर्ने प्रत्येक वैठक पुस्तिकामा लेखि सबैको सहिछाप गराउने ।

**घ) सह सचिबको काम, कर्तव्य र अधिकार**

१) सचिवलाई सहयोग गर्ने ।

२) सचिवको अनुपस्थितिमा सचिवले गर्ने काम गर्ने ।

**(ङ) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार**

घ्याङलेख गाउँपालिका

(१) प्रत्येक वैठकमा सवै सदस्यहरुबाट वचत संकलन गरी बचतको विवरण पेश गर्ने ।

(२) प्रत्येक सदस्यको वचत रकम व्यक्तिगत वचत खातामा चढाउने ।

(३) व्यक्तिगत वचत खाता अनुसारको रकम प्रत्येक सदस्यको पास वुकमा चढाई प्रमाणित गर्ने ।

(४) संकलित वचत रकम संस्थाको निर्णय अनुसार नजिकको वैंकको खातामा जम्मा गरि गराई वैंकको पासवुकमा उल्लेख गर्ने ।

(५) वैठकको निर्णय अनुसार बचतको परिचालन गरी अभिलेख राख्ने ।

(६) निर्णय अनुसार गर्नु पर्ने लगानी गरी असुली समेत गर्ने र लगानी र असुलीको अभिलेख राख्ने ।

(७) सम्पूर्ण सदस्यहरुको गत बैठक सम्मको बचत रकम वैंकमा रहेको रकमसंग भिडाउनु पर्ने ।

(८) ऋण लगानी पश्चात प्राप्त व्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको वितरण गरि सवै सदस्यहरुको व्यक्तिगत खाता, पासवुक एवं बचत खातामा चढाउनु पर्ने।

(९) संस्थाले गरेको काम/कारोवारको लेखा परिक्षण गराउने ।

(१०) वैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

(११)अन्य सदस्यहरुसंग समन्वय राखी सहयोग लिने दिने।

(१२)संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(१३)संस्थाका सदस्यहरुलाई आर्थिक कारोवारको पारदर्शिता गराउने ।

**(च) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार**

(१) वैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

(२) संस्थाको निर्णयानुसार मासिक वचत समयमै जम्मा गर्ने ।

(३) संस्थाको हिसाव किताव बराबर चेक गर्ने ।

(४) टोल विकास संस्थाका पदाधिकारीहरुले गलत काम गरेमा अरु सदस्यहरुको सहयोग लिई तुरुन्तै कारवाही गर्न बैठकमा प्रस्ताव पेश गर्ने ।

(५) आवश्यकता अनुसार संस्था सञ्चालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।

(६) आवश्यकता अनुसार अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सघाउने ।

(७) अरु सदस्यहरुलाई पनि बचत गर्न प्रोत्साहित गर्ने ।

(८) संस्था भित्र भएका विकृति हटाउन सहयोग गर्ने ।

## परिच्छेद ४

## कोष तथा कोष सम्बन्धि ब्यवस्था

**११)** संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ, संस्थाको कोष भन्नाले सरकारी, गैर सरकारी, निकायको काम प्रति चासो राख्ने राष्ट्रिय, अन्तराष्ट्रिय व्यक्तित्वहरु बाट प्राप्त अनुदान रकम, संस्थाको चल-अचल सम्पत्ति, आर्थिक सहयोग उपहार आदिलाइ बुझाउँछ । टोल विकास संस्थाको खाता संचालन संस्थाका अध्यक्ष र कोषाध्यक्ष/सचिव वा संस्थाले तोकेको एक जना सदस्यको संयुक्त दस्तखतबाट संचालन हुने गरी गाउँपालिका को सिफारिसमा स्थानीय वैंकहरुमा संस्थाको नाममा वचत खाता खोल्नु पर्नेछ ।

**क) संस्थाको देहाय बमोजिम आर्थिक श्रोत हुनेछ ।**

१। सदस्यबाट प्राप्त शुल्क ।

२। सदस्यहरुबाट गरिने नियमित बचत ।

३। सरकारी तथा गैरसरकारी संस्था बाट निःशर्त सहायता/अनुदान ।

४। दाताहरुबाट प्राप्त निःशर्त सहयोग ।

५। संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार ।

६। संस्थाको कोषबाट आर्जित आय ।

७। टोल विकास संस्थाले बिभिन्न संघसंस्था सँग ऋण लिई आफ्ना सदस्यहरु लाई ऋण लगानी गरी कमाएको व्याज, सेवा शुल्क र हर्जाना बापतको रकम ।

८। अन्य आम्दानी ।

## परिच्छेद ५

## टोल विकास संस्थाको काम कर्तव्य र अधिकार

**१२) टोल विकास संस्थाको काम, कर्तव्य र अधिकार निम्न वमोजिम हुनुपर्नेछ ।**

१. प्रत्येक टोल स्तरमा शत प्रतिशत घर परिवार सहभागि भएका महिला वा पुरुष वा दुवै थरी समावेश भएको टोल विकास संस्था गठन गर्ने ।

२. संस्थाका सदस्यहरुबाट नियमित रुपमा बचत संकलन तथा परिचालन गर्ने ।

३. संस्थाका सदस्यहरुलाई उद्यमशीलता तर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोही बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

४. आफ्नो समस्या लाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न तथा श्रोतको समुचित परिचालनका लागि आफ्ना सामाजिक तथा आर्थिक पूर्वाधार विकास सम्बन्धि टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।

५. स्वास्थ्य, शिक्षा, अन्धविश्वास, वाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरुलाई चेतना अभिवृद्धि गर्ने ।

६. आफ्नो टोल तथा सार्वजनिक स्थलहरुमा बृक्षारोपण गर्ने ।

७. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री तथा बालमैत्री बनाउने विविध कार्यक्रमहरु संचालन गर्ने ।

८. टोलमा बसोबास गर्ने बासिन्दाहरुका वीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

९. वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र गाउँपालिका लाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

१०. आफ्नो टोल बस्तीलाई नमूना बस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

११. हरित बस्ती/गाउँ, उज्यालो बस्ती/गाउँ, सफा बस्ती/गाउँ, र सम्पन्न तथा सभ्य बस्ती/गाउँ स्थापना अभियानमा सहयोग गर्ने।

१२. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

१३. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता जस्ता अभियानमा सहयोग गर्ने ।

१४. टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

१५. गाउँपालिकालाई राजस्व परिचालनमा सहयोग गर्ने ।

१६. गाउँपालिकाको साना तिना विकास निर्माणका काममा सहभागी हुने ।

१७.टोलमा आईपरेका समस्याहरुलाई एक अर्कामा भाईचारा सम्वन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

१८. तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलबासीहरुको ज्ञान र सीप वृद्धि गराउने कार्यमा सहयोग गर्ने ।

१९. आफ्ना टोल बस्तीबाट निस्कने फोहोर वर्गिकरण गरी व्यवस्थापन गर्न आफु स्वयम वा गाउँपालिकालाई आवश्यक सहयोग गर्ने ।

२०. गाउँपालिकासँग भएको समझदारी अनुसार अगाडी बढने ।

२१. टोल विकास संस्थाहरु पूर्ण रुपमा गाउँपालिका प्रति उत्तरदायी हुनु पर्नेछ ।

२२. पिछडिएका वर्ग तथा जनजातिहरुको विकासका लागि सम्बन्धित क्षेत्र तथा निकायबाट सहयोगका लागि सम्बन्ध बिस्तार तथा समन्वय कायम गर्ने ।

२३. टोल तथा गाउँको अन्तरसम्बन्ध हुने गरी कार्यक्रमहरु तयार गरी आत्मनिर्भरता तर्फ अघि बढने ।

२४. टोल तथा गाउँको अन्तरसम्बन्ध बढाउन बिभिन्न श्रृजनात्मक कार्यहरु गर्ने जस्तै बस्ती/टोलको उत्पादन शहरमा खपत गराउन प्रोत्साहन गर्ने ।

२५. बस्ती/टोलको पूर्वाधार विकास निर्माणमा जनसहभागिता जुटाउने।

## परिच्छेद ६

## संस्थाको बैठक र साधारण सभा सम्वन्धी व्यवस्थाः

**१३) बैठक संचालनः**

(क) संस्थाको वैठक सामान्यतया महिनाको एक पटक वस्नेछ । यसरी वैठक वस्दा एक वैठक र अर्को वैठक विचको समय दुई महिना भन्दा बढी हुने छैन ।

(ख) संस्थाको वैठक अध्यक्षले बोलाउने छ तर देहायका अवस्थामा सचिवले वैठक बोलाउन सक्ने छ ।

(१) अध्यक्षले निजलाई वैठक वोलाउन निर्देशन दिएमा वा २ महिना भन्दा बढी समयसम्म वैठक वस्न नसकेमा ।

(२) दुई महिना वा सो भन्दा बढी समय सम्म संस्थाको वैठक वस्न नसकी संस्थाका एक तिहाई सदस्यले वैठक बोलाउनको लागि लिखित रुपमा अनुरोध गरेमा ।

(ग) संस्थाको अध्यक्षले वैठकको अध्यक्षता गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्षले वैठकको अध्यक्षता गर्ने छ । अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा सचिव र सचिव पनि अनुपस्थिति रहेमा संस्थाको सवभन्दा जेष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

घ) टोलविकास संस्थाले सचिवालयको व्यवस्था गरेको अवस्थामा हरेक तिन महिनामा आम बैठक बस्ने गरी दुईवटा बैठक सचिवालयले कार्यसमितिको हैसियतले सञ्चालन गर्न सक्नेछ । आम बैठकमा सम्पुर्ण सदस्य संख्याको कम्तिमा ६० प्रतिशत सदस्यहरुको उपस्थिति अनिवार्य भएको हुनु पर्नेछ ।

१४) **साधारण सभाः** संस्थाका सम्पूर्ण सदस्यहरुको उपस्थितिमा कम्तिमा वर्षको एक पटक साधारण सभा बस्नु पर्नेछ । साधारण सभा संस्थाको सर्वोच्च निकाय हुनेछ । साधारण सभाका काम, कर्तव्य र अधिकार निम्न वमोजिम हुने छन् :

**साधारण सभाको काम, कर्तव्य र अधिकार**

(क) विगतको कार्य समिक्षा गर्ने र आगामि बर्षको लागि कार्यक्रम तयार गर्ने साथै साधारण सभामा पेश भएका विषयहरुमा यथोचित निर्णय गर्ने ।

(ख) पदाधिकारीहरुको पदावधि समाप्त भएको भए पदाधिकारीको चयन गर्ने ।

(ग) गुनासा, उजुरी, पुनरावलोकन सुन्ने र निर्णय दिने ।

(घ) आवश्यक परे कार्यगत समूह र सल्लाहकारको मनोनयन गर्ने ।

(ङ) समन्वय समितिको प्रभावकारी सञ्चालनको लागि नीति नियमहरुको निर्माण संसोधन तथा परिमार्जन गर्ने।

च) अन्य आवयक एवं महत्वपुर्ण निर्णयहरु जसले सम्पुर्ण सदस्य ( टोल विकास संस्था ) हरुलाई प्रभावित गर्न सक्छ त्यस्तो बिषयमा निर्णय गर्ने ।

(छ) सबै तहको साधारण सभामा गाउँपालिका को प्रतिनिधित्व अनिवार्य हुनु पर्ने छ ।

घ्याङलेख गाउँपालिका

(ज) अख्तियारी प्रदान गर्ने ।

(झ) गाउँपालिका को सहमतिमा विधान संशोधन गर्ने ।

(ञ) लेखापरीक्षकको नियुक्ती एवं पारश्रमिक तोक्ने, लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

१५) **विशेष साधारण सभा :** संस्थाको हितलाई ध्यान राखी कुल सदस्य संख्याको २५ प्रतिशत सदस्यहरुले लिखित रुपमा अनुरोध गरेमा वढीमा १५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

१६) **अविश्वासको प्रस्ताव :** साधारण सभाका साधारण सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्यहरुले समितिका कुनै पदाधिकारीको काम कारवाहीको सम्बन्धमा लिखित रुपमा कारण सहित अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् । अविश्वासको प्रस्ताव दर्ता भएमा त्यसको १५ दिन भित्र साधारण सभा वोलाउनु पर्नेछ। उक्त प्रस्ताव माथि छलफल भई सो प्रस्तावलाई अनुमोदन गर्नका लागि कुल सदस्य संख्याको कम्तिमा दुई तिहाई साधारण सदस्यहरुको मतको आवश्यकता पर्दछ । तर जुन पदाधिकारी प्रति अविश्वासको प्रस्ताव ल्याएको हो सो व्यक्तिलाई साधारण सभामा आफ्नो स्पष्टिकरण पेश गर्न मुनासीव माफिकको मौका दिनु पर्नेछ ।

## परिच्छेद ७

## निर्वाचन सम्वन्धी व्यवस्था र विविध

१७) घ्याङलेख गाउँपालिका टोल बिकास संस्था निर्देशिकाको भावना र संस्थाको विधानको अधिनमा रही टोलविकास संस्थाका पदाधिकारीहरुको निर्वाचन गर्न एउटा निर्वाचन समिति गठन गर्नु पर्नेछ । जसमा संस्थाले तोकेको व्यक्तिको संयोजकत्वमा साधारण सदस्यहरु मध्येबाट ३ जनाको निर्वाचन मण्डल गठन

गर्नु पर्नेछ । जसले संस्थाको नियम अनुसार निर्वाचन प्रकृया अपनाई निर्वाचन कार्य सम्पन्न गर्नेछ ।

क) यस समितिले पदाधिकारीको चयन सर्व सम्मत गराउन पहल गर्नु पर्नेछ ।

ख) कार्यसमिति गठन सर्वसम्मत हुन नसकेको अवस्थामा यसरी गठन भएको निर्वाचन समितिले टोल विकास संस्थाका पदाधिकारी चयनको लागि आफै प्रकृया तोकी निर्वाचन गराउन सक्नेछ ।

ग) निर्वाचन समितिले निर्धारण गरेको कार्यक्रम अनुसार निर्वाचन कार्य सम्पन्न हुनेछ ।

घ) निर्वाचन समितिमा रहेका व्यक्तिहरु सो निर्वाचनमा उम्मेदवार हुन पाउने छैन ।

ङ) निर्वाचन समितिले गरेको निर्णय सबैलाइ मान्य हुनेछ ।

च) निर्वाचन समितिलाई आवश्यक सहयोग गर्नु संस्थाका सबै सदस्यको कर्तब्य हुनेछ ।

**१८) उम्मेदवार हुने योग्यता** :

क) उम्मेदवारको योग्यता यस विधानको परिच्छेद-३ को दफा ६ (ङ) हुनेछ ।

**१९) विधान संशोधनः-** कूल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र विधानको कुनै दफा संशोधन वा खारेजका लागि वडा सचिव मार्फत सिफारिस गरी घ्याङलेख गाउँपालिकाको कार्यालयमा पठाउनु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए पश्चात् मात्र विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

**२०) विनियम बनाउन सक्ने :-** संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा विधानको विपरीत नहुने गरी आवश्यक विनियम बनाउन सक्नेछ र सोको जानकारी घ्याङलेख गाउँपालिका लाई दिनुपर्नेछ ।

घ्याङलेख गाउँपालिका

२१) **व्याख्या :** यो विधान वा विधान अन्तर्गत बनेको नियम, विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

२२) **कार्य समितिका पदाधिकारीहरु र सदस्यहरुले पालना गर्नेः** यस संस्थाको कुनै पनि सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुँदैन। कार्य समितिका पदाधिकारीहरु वा साधारण सभाका सदस्यहरुको बैठकमा सभ्य र शिष्ट भाषाको प्रयोग गर्नुपर्नेछ।

२३) **ऐन अनुसार हुनेः** यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् ।

२४) **निर्देशनको पालना :** घ्याङलेख गाउँपालिका ले समय-समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ साथै संस्थाले सम्वन्धित निकायको नीति निर्देशनको पालना सदैव गर्नेछ ।

२५) **विविधः**

**क) पुरस्कारको व्यवस्थाः**

यस संस्थाको लक्षित उद्देश्य प्राप्तिमा विशेष योगदान पुऱ्याउने व्यक्ति, संघ, संस्थालाई कार्यकारिणी समितिले निर्णय गरी उच्चित सम्मान, कदरपत्र वा पुरस्कारको समेत व्यवस्था गर्न सक्नेछ ।

**ख) दण्डको प्रावधान :** कुनै सदस्यले संस्थाको हित विपरित काम गरेको पाइएमा यो विधान एवं प्रचलित कानून वमोजिम कारवाहीको प्रक्रिया अघि वढाईनेछ ।

**ग)** हामी "................" टोल बिकास संस्था, सिन्धुलीका कार्य समितिका पदाधिकारीहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई घ्याङलेख गाउँपालिकाको प्रतिनिधिको रोहवरमा सहीछाप गर्दछौं ।

**..................टोल विकास संस्था**
**घ्याङलेख गा.पा. ...., सिन्धुलीको**
**कार्य समितिको नाम, थर, ठेगानाः**

| **क.सं.** | **नाम/थर** | **पद** | **ठेगाना** | **फोटो** | **हस्ताक्षर** |
|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | |
| २ | | उपाध्यक्ष | | | |
| ३ | | सचिव | | | |
| ४ | | सहसचिब | | | |
| ५ | | कोषाध्यक्ष | | | |
| ६ | | सदस्य | | | |
| ७ | | सदस्य | | | |

**रोहवर :** घ्याङलेख गाउँपालिका वडा नं. ...का

वडा सचिव/अध्यक्ष श्री

घ्याङलेख गाउँपालिका

# अनुसूची-२

## टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता गर्ने

## निवेदनको नमुना

मिति........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
घ्याङलेख गाउँपालिकाको कार्यालय
हायुटार, सिन्धुली ।

**विषय** : टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस घ्याङलेख गाउँपालिकाको वडा नं............... को.................... .टोलमा गठन गरिएको..................... टोल विकास संस्थालाई..................... गाउँपालिकामा दर्ता/सूचिकृत गरी दिनु हुन अनुरोध गर्दछु । यस............................... टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सीमित रहनेछ ।

पूर्व सिमाना :................................
पश्चिम सिमाना :..............................
उत्तर सिमाना :................................
दक्षिण सिमाना :..............................

निवेदक

.............................

अध्यक्षको नाम :
टोल विकास संस्थाको नाम :
ठेगाना :



घ्याङलेख गाउँपालिका

**अनुसूची-३**

**घ्याङलेख गाउँपालिकाको कार्यालय**

**हायुटार, सिन्धुली**

**प्रमाण - पत्र**

घ्याङलेख गाउँपालिकावडा नं. ......स्थित ..................................मा गठन भएको................................................टोल विकास संस्थालाई यस कार्यालयमा मिति......................मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस गाउँपालिका को आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षाको साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

**चार किल्ला**

पूर्व सिमाना :..............................

पश्चिम सिमाना :..........................

उत्तर सिमाना :..............................

दक्षिण सिमाना :............................

...............................................

प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणीकरण मिति २०७६।१२।१०**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**

घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा मुद्रित रु. १५।-